


FIFA WORLD CUP RUSSIA 2018

# ब्राजिल क्वार्टरफाइनलमा



मस्को, (एजेन्सी)

दोस्रो हाफमा २ गोल गर्दै पाँचपटकको विश्व च्याम्पियन ब्राजिलले रुसमा जारी विश्वकपमा क्वार्टरफाइनलको यात्रा तय गरेको छ।

सोमबार नकआउट चरणको खेलमा पहिलो हाफमा गोलरहित खेलेको ब्राजिलले मेक्सिकोलाई २-० गोलअन्तरले हराएको हो। दुवै गोलमा नेयमारको प्रमुख भूमिका रह्यो। ५१औं मिनेटमा विलियमको क्रसमा नेयमारले क्लोज रेन्जमा गोल गरेर ब्राजिललाई १-० को अग्रता दिलाए। यसपछि ८८औं मिनेटमा नेयमारकै क्रसमा रोबेर्टो फर्मिनोले गोल गरेका थिए। यो गोलसँगै ब्राजिलको अन्तिम आठको यात्रा तय भयो। फर्मिनोले अक्टोबर २०१६ मा विश्वकप छनोटअन्तर्गत बोलिभियाविरुद्ध गोल गरेपछि पहिलोपटक गोल गरे।

नेयमारले विश्वकपमा व्यक्तिगत छैटो गोल गरेर दुर्लभ कीर्तिमान पनि राखेका छन्। उनले मेक्सिकोविरुद्ध गोल गर्नासाथै लियोनेल मेसी र क्रिस्टियानो रोनाल्डोलाई पछाडि पारेका छन्। नेयमारले विश्वकप करियरमा ३८ सटमा ६ गोल गर्दा मेसी र रोनाल्डोले त्यति नै गोल क्रमशः ६७ र ७४ सट प्रहार गरेका छन्। उता मेक्सिकोका लागि विश्वकपको यात्रा फेरि पनि नकआउट चरणसम्म सीमित भयो। विश्वकपमा यो उत्तर अमेरिकी टोलीले पहिलो चरण पार गरेको छ। तर, टोलीको अन्तिम १६ मै यात्रा रोकिने क्रम यसपटक पनि दोहोरियो। योसमेत गरेर मेक्सिको विश्वकपमा लगातार ७ पटक नकआउट चरणबाट अगाडि बढ्न सकेन।

## प्लेयर्स टु वाच

### हयारी केन

(इंग्ल्यान्ड)

विश्वकपमा गोल्डेन बुटको दाबेदारीमा छन् हयारी केन। हयारीले शुरूआती दुई खेलमा गरी पाँच गोल गरेका छन्। उनी सर्वाधिक गोलकर्तामा अझ माथि जान सक्छन्, यदि उनले गोल गरेमा। टोटनहयामका स्ट्राइकरका लागि टोलीलाई क्वार्टरफाइनल पुर्‍याउन ठूलो जिम्मेबारी छ। जर्मनी, स्पेन, अर्जेन्टिनाबाहिरिएपछि इंग्ल्यान्डलाई १९६६ पछि फाइनल पुग्ने सम्भावना पनि बढेको छ। यसको फाइदा केनले उठाउन प्रयास गर्नेछन्।

कोलम्बियाविरुद्धको खेल इंग्लिस प्रशिक्षक गेरेथ साउथगेटले गम्भीरतापूर्वक लिएका छन्। यसैले पनि केनले राम्रो खेल्ने पक्का छ। केनले भनेका छन्- 'सायद मैले बेल्जियमविरुद्ध खेलेको भए गोल गर्न सक्दैन थिएँ होला। तर, मैले हयाट्रिक गरेपछि कोलम्बियाविरुद्ध खेल्दै छु। यो मेरो लागि महत्त्वपूर्ण पनि छ। म तयार छु, हरेक खेलमा गोल गर्न।'






# पेनाल्टीमा क्रोएसियाले माऱ्यो बाजी



मस्को, (एजेन्सी)

रसियामा जारी विश्वकप फुटबलको प्रि-क्वार्टरफाइनलमा क्रोएसियाले डेनमार्कविरुद्धको खेलमा टाइब्रेकरमा बाजी मारेको छ। आइतबार राति भएको अन्तिम १६ को खेलमा डेनमार्कलाई पेनाल्टी सुटआउटमा पराजित गर्दै क्रोएसियाले क्वार्टरफाइनलमा स्थान बनाएको हो।

निर्धारित समय र थप गरिएको ३० मिनेटको समयसम्म दुवै टिमले १-१ गोलको बराबरी खेलेपछि पेनाल्टीबाट विजेताको टुंगो लागेको हो। पेनाल्टी सुटआउटमा क्रोएसियाले डेनमार्कलाई ३-२ गोलले पराजित गर्न सफल भयो। टाइब्रेकरमा क्रोएसियाका गोलरक्षकले ३ गोल छेकेका थिए भने डेनिस गोलरक्षकले २ गोल बचाएका थिए।

डेनमार्क र क्रोएसियाले पहिलो हाफसम्म १-१ गोलको बराबरी खेलेका थिए। डेनमार्कले खेलको ५८ सेकेन्डमै गोल गर्दै १-० गोलको अग्रता बनाएको थियो। डेनमार्कका लागि माथियस यर्गेन्सेनले गोल गर्दै अग्रता दिलाएका थिए।

डेनमार्कले गोल गरेको ३ मिनेटपछि नै क्रोएसियाले गोल गर्दै १-१ गोलको बराबरीमा पुर्‍याएको थियो। क्रोएसियाका लागि मारियो मान्डुजुकिकले गोल गरेका थिए। खेलको अतिरिक्त समय सकिन ७ मिनेट बाँकी रहेको अवस्थामा भने क्रोएसियाले पेनाल्टी हान्ने अवसर पायो। तर, क्रोएसियाली कप्तान लुका मोड्रिचको प्रहारलाई डेनिस गोलरक्षक स्माइलकलले उत्कृष्ट ढंगले बचाएका थिए। सेमिफाइनल प्रवेशका लागि क्रोएसियाले अब आयोजक रसियासँग प्रतिस्पर्धा गर्नेछ।

## टिट्स विट्स

### स्पेन हार्नुको कारण औंल्याउँदै

मेड्रिड, (एजेन्सी)

विश्वकपमा स्पेन हारेपछि एक-अर्कालाई आरोप-प्रत्यारोपको क्रम शुरू भएको छ। स्पेन हार्नुमा के गल्ती भएको हो त्यसमा चर्चा हुन थालेको छ। स्पेनले खेल अगाडि नै प्रशिक्षक जुलेन लापेटगुईलाई हटाउनु गलत रहेको भन्न थालियो। स्पेनका हालका प्रशिक्षक फर्नान्डो हिइरो र गोलकिपर डेविड डे गियालाई पनि दोषी ठहराउँदै छन्।

स्पेन लगातार तीन प्रमुख प्रतियोगितामा असफल भयो। आइतबार आयोजक रुससँग प्रि-क्वाटरफाइनलमा हारेको थियो। यसअघि सन् २०१४ को विश्वकपमा स्पेन पहिलो चरणबाटै बाहिरिएको थियो। युरो २०१६ मा पनि प्रि-क्वार्टरमा इटालीसँग स्पेन हारेको थियो। तर, यो विश्वकपमा सबैभन्दा तल वरीयतामा रहेको रुससँग हारेको थियो। रुसमा जारी विश्वकपमा रुस ७०औं स्थानमा छ।

रुस जितको हकदार भन्नु पनि अतिशयोक्ति नै भन्नु पर्ला। किनभने रुसले बल पोजेसनमा २६ प्रतिशत मात्रै आफ्नो कब्जामा राखेको थियो। टोलीले ६ पटक गोल गर्न कोशिस गर्दा स्पेन झण्डै ५ गुणा बढी २५ पटक गोल गर्ने प्रयासमा थियो।

### अपशब्द बोल्दा ५० हजार जरिवाना

मस्को, (एजेन्सी)

भिडियो एसिस्टेन्ट रेफ्री (भार) प्रविधिका लागि अपशब्द बोल्दा मोरोक्कोका नार्डिन अमराबतलाई फिफाले ५० हजार पाउन्ड जरिवाना तिराएको छ।



नार्डिन समूह चरणमा स्पेनविरुद्धको खेलमा भारद्वारा गलत निर्णय गर्दा निराश थिए। उनले क्यामराको सामुन्ने नै प्रत्यक्षरूपमा भारका बारेमा अपशब्द बोले जसमा फिफाले कारबाही गऱ्यो। सो भारको निर्णयमा मोरोक्को हार र जितका लागि धेरै महत्त्वपूर्ण थियो। यस्तोमा जब निर्णय मोरोक्कोविरुद्धमा आयो तब नार्डिन रिसाएका थिए। विश्वकप शुरू हुनुअगाडि नै भार विवादमा रहेको थियो।

### रुस जित्दा वाग पनि चर्चित

मस्को, (एजेन्सी)

रुसमा विश्वकप शुरू हुनुभन्दा अगाडि एक प्रतियोगिता चलेको थियो। जसको नाम थियो रसियन हटेस्ट वाग (वाइफ एन्ड गर्लफ्रेन्ड)। यानिकि फुटबलरका श्रीमती र गर्लफ्रेन्ड। प्रतियोगितामा रुसका स्टार फुटबलरको फोटो प्रदर्शन गर्दै कसको श्रीमती हट लाग्छ भनेर सोधिएको थियो। प्रतियोगिता जब-जब अगाडि बढ्दै गयो यसमा भाग लिनेको संख्या बढेर गएको छ।

आइतबार २०१० को विश्वकप च्याम्पियन स्पेनलाई पेनाल्टी सुटआउटमा हराएपछि रुसका गोलकिपर नायक बन्दा सहभागिताको संख्या बढेको हो। एकिफले सानदार डाइभ लगाएर स्पेनका कोके र आसपासको प्रहार रोकेका थिए। उनकै कारण जितेपछि उनकी श्रीमती पनि चर्चित बनिन्। सोसल साइटमा उनलाई धेरै नै खोजी गरिएको छ। बाँकी रुसी खेलाडीका वाग पनि धेरै चर्चित बन्दै छन्।

